नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
# विद्युत विकास विभाग
अनुमतिपत्र महाशाखा
(.............................................)

फोन नं.: ४५३४११९, ४५११५३७, ४५१९५०१, ४५३९३६२
फ्याकस: ४५३९९०३
पोष्ट बक्स नं.: २५००७
सानोगौचरण, काठमाडौं, नेपाल

पत्र संख्या:०७९/८०
चलनी नं.:ब.नं.:-१९५५

मिति: २०८०/०१/१२

दोभान खोला ज.वि.आ को विद्युत उत्पादन अनुमतिपत्रको दरखास्त बारे ।

श्री अप्पर स्याँङ्गे हाइड्रोपावर लिमिटेड,
चण्डोल,काठमाडौं

उपरोक्त विषयमा त्यस कम्पनीबाट पेश भएको दोभान खोला ज.आ. को विद्युत उत्पादन अनुमतिपत्रको दरखास्त उपर कारवाही निम्नानुसारका नपुग कागजात/विवरणहरु ३५(पैंतिश) दिनको समयावधि भित्र पेश गर्नुहुन विभागको मिति २०८०/०१/१० को निर्णयानुसार अनुरोध गरिन्छ ।

१. कम्पनी संस्थापनाको प्रमाणपत्र, प्रबन्धपत्र तथा नियमावाली, स्थायी लेखा नम्बर दर्ता प्रमाणपत्र, कम्पनीको अद्यावधिक शेयर लगत अभिलेख ,कर चुक्ता र उद्योग दर्ता प्रमाणपत्र (प्रमाणित प्रति ) ।
२. २०७८/७९ आर्थिक वर्षको लेखा परिक्षण रिपोर्टको प्रमाणित प्रतिलिपिहरु ।
३. संचालक समितिको बैठकको निर्णय प्रमाणित प्रति र अख्तियारी प्राप्त व्यक्तिको परिचय-पत्र एवं सम्पर्क नंबर।
४. निर्माण कार्यको विस्तृत तालिका (Construction Schedule ) सहि छाप सहित।
५. सम्भाव्यता अध्ययन प्रतिवेदनको र कम्पनीको अद्यावधिक शेयर लगतको soft copy (excel file) ।
६. शेयर धनीबिच गरिएको सम्झौता ।
७. शेयर र ऋण लगानीको अनुपात स्पष्ट खुल्ने विवरण ।
८. स्वीकृत IEE प्रतिवेदन ।
९. आयोजनको प्रमुख संरचना सहित अक्षांश देशान्तर नक्शांकन भएको सक्कल स्थलरूप (टोपो) नक्शा छाप र हस्ताक्षर सहित।
१०. विद्युत जडान सम्झौता (कनेक्शन एग्रिमेन्ट) को म्याद थप सम्बन्धि विवरण ।
११. प्रवर्द्धक कम्पनीले वा सो कम्पनीका शेयर होल्डरहरुले यसअघि उत्पादन अनुमतिपत्र प्राप्त गरी कुनै विद्युत आयोजनामा लगानीको लागि सहभागि भैसकेको भए सोको जानकारी र विवरण ।
१२. आयोजनको लागि स्थायी वा अस्थायी तबरबाट उपयोग वा प्राप्तिको लागि चाहिने आवश्यक सरकारी वा गैरसरकारी जग्गाको कूल क्षेत्रफल र जग्गाधनीहरुको लगत विवरण स्वीकृत IEE प्रतिवेदन अनुसारको ।
१३. आयोजनमा लगानी गरिने शेयर बराबरको कम्पनीको खुद सम्पत्ति (नेटवर्थ), वा सो बराको रकम शेयरको रुपमा शेयरधनीहरुले लगानी गर्न सक्ने क्षमता पुष्टि हुने बैंक विवरण (स्टेटमेन्ट), वा अन्य सम्पत्ति विवरण वा लगानी गर्न इच्छुक व्यक्ति वा संस्थासँग भएको सम्झौता तथा इच्छुक व्यक्ति वा संस्थाको आर्थिक हैसियत पुष्टि हुने प्रमाणित कागजात, बैंक जमानत (स्टेटमेन्ट) वा अन्य सम्पत्ति विवरण रजिष्टर्ड चार्टर्ड एकाउन्टेन्टबाट प्रमाणित भएको प्रति र त्यस्तो कागजात प्रमाणित गर्ने चार्टर्ड एकाउन्टेन्टको संस्था दर्ता र कर चुक्ता प्रमाणपत्रको प्रमाणित कागजात ।.